☎ ०७७-४२०१०९
☎ ९८५७०६३६११
☎ ९८५७०८३६१४

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

प.सं.: ०७८/०७९
च. नं.:

मिति : २०७९।४।०१

## काठ दाउरामा आधारित उद्योगहरु सूचिकृत हुने सम्वन्धि सूचना

प्रस्तुत विषयमा प्रचलित कानुन वमोजिम उद्योगको रुपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने स: मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगहरु संघिय वन नियमावली २०७९ को नियम १२८ (१) वमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत हुनु पर्ने व्यवस्था भएकोले यस जिल्लामा प्रचलित कानुन वमोजिम उद्योगको रुपमा दर्ता भएका दर्ता भएका गोलिया काठ चिरान गर्ने स: मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगहरुले सोही नियमावलीको नियम १२८ (२) वमोजिम उद्योग दर्ता प्रमाण पत्र, उद्योग दर्ता भएको आधिकारिक प्रमाण वा सम्वन्धित सव डिभिजन वन कार्यालयको पत्र र वन पैदावार उद्योग व्यवशायी महासंघको शिफारिस पत्र सहित संघिय वन नियमावली २०७९ प्रारम्भ भएको मिति (२०७९ साल असार १६ गते) ले ६ महिना भित्र निवेदन दिई प्रमाण पत्र लिनु हुन यो सूचना प्रकाशित गरिएको छ। सूचिकृत प्रमाण पत्र नलिएका उद्योगहरुले सोही नियमावलीमा भएको व्यवस्था अनुसार वन पैदावार लिलाम विक्रि प्रकृयामा भाग लिन नपाउने व्यहोरा समेत सूचित गरिन्छ।

CamScanner

☎ ९८५७०६३६११
☎ ९८५७०८३६१४

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

सन्धिखर्क

प.सं.: ०७८/०७९
च. नं.:

मिति : २०७९।४।०१

## स्वचालित आरा सूचिकृत गर्ने सम्वन्धि सूचना

प्रस्तुत विषयमा कुनै पनि व्यक्ति, निकाय, उद्योग, संघ, संस्था वा समुहले स्वचालित आरा (चेन स:) खरिद गरेमा संघिय वन नियमावली २०७९ को नियम २७ (६) वमोजिम डिभिजन वन कार्यालयमा त्यस्तो स्वचालित आरा सूचिकृत गर्नु पर्ने व्यवस्था भएकोले यस जिल्ला भित्रका कुनै पनि व्यक्ति, निकाय, उद्योग, संघ, संस्था वा समुहवाट स्वचालित आरा खरिद गरिएको भए तथा खरिद भएमा यस कार्यालयमा सूचिकृत गर्नु हुनको साथै हाल आफ्नो स्वामित्वमा रहेको स्वचालित आरा समेत यस कार्यालयमा सूचिकृत गरी प्रयोगमा ल्याउनु हुन सम्वद्ध सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

CamScanner